**सुर्यगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चोकदे, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

## करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७६/११/१९**

सुर्यगढी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७६ फागुन ०७ को निर्णय अनुसार सुर्यगढी गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थामा स्वीकृत दरवन्दी अनुसार रिक्त रहेका तपशीलको पदमा करार सेवामा स्वास्थ्यकर्मी पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक योग्य उम्मेदवारहरुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.suryagadhimun.gov.np** बाट डाउनलोड वा सुर्यगढी गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

| वि.नं. | पद | माग पदसंख्या | परीक्षा दस्तुर | सम्पर्क मिति |
|---|---|---|---|---|
| ०२/२०७६/७७ | हेल्थ असिस्टेण्ट | ३ | रु ६००/- | २०७६।१२।०५ |
| ०३/२०७६/७७ | अ.न.मी. | ३ | रु ६००/– | २०७६।१२।०५ |

**परीक्षाको किसिम :** सुर्यगढी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन संवन्धि कार्यविधि, २०७४ र पदपूर्ति तथा छनौट समितिले तोकिए अनुसार तपशिल बमोजिम हुनेछ ।

| शैक्षिक योग्यता (६० अंक) | लिखीत (५०) | भौगोलिक वसोवास (१० अंक) | अनुभव (१० अंक) | अन्तवार्ता (२० अंक) | कै. |
|---|---|---|---|---|---|
| विशिष्ट श्रेणी ६० अंक, प्रथम श्रेणी ५५ अंक, द्रितिय ५० र तृतीय श्रेणी ४५ अंक | ५० अंक | सुर्यगढी गा पा स्थायी निवासी १० अंक, नुवाकोट जिल्ला स्थायी निवासी ०५ अंक | हरेक वर्षको २ अंकको दरले अधिकतम १० अंक सम्म (सार्वजनिक निकायमा) | २० अंक | |

**परीक्षा केन्द्र :** सुर्यगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चोकदे, नुवाकोट ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

**हेल्थ असिस्टेण्ट**

लोकसेवा आयोगले लिने हेल्थ असिस्टेण्ट पदको लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको हुनपर्ने ।

**अ.न.मी.** लोकसेवा आयोगले लिने अ.न.मी. पदको लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट अनमी कोर्ष उतिर्ण गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।

**दरखास्त माध्यम :** ईच्छुक आवेदकले माथि उल्लेख भए बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर साथ गाउँपालिकाको वेवसाइटबाट फारम डाउनलोड गरेर भरी तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, व्यक्तिगत विवरण ( **Bio-Data)**), आफूले प्राप्त गरेको शैक्षिक योग्यताको विवरण, नेपाली नागरिकताको प्रमाणपत्र तथा अनुभव आदिको प्रमाणपत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रितपूर्वकको आवेदन फारम भरी हुलाक वा ईमेल ठेगाना **suryagadhimun@gmail.com** वा स्वयं उपस्थित भई आवदेन दिनुपर्नेछ ।

**उम्मेद्ववारको उमेरको हद :** महिलाको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ र पुरुषको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०७६।१२।०३ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

**तलब तथा सुविधा :** नेपाल सरकारको प्रचलित नियम अनुसार ।

**दरखास्त दस्तुर बुझाउने स्थानः** सुर्यगढी गाउँपालिकाको कार्यालय, चोकदे, नुवाकोटमा बुझाउन वा यस कार्यालयको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटड, नुवाकोट, चोकदे शाखामा रहेको संचितकोष खाता नं ०६८०१०४०२५०३४४ मा जम्मा गर्न सकिनेछ ।

**परिक्षा मिति :** सम्पर्क मितिमा जानकारी गराईने छ ।

**थप जानकारीको लागि :** सम्पर्क नं. ९८६०३११३५५ वा **suryagadhimun@gmail.com**

म्याद नाघि आएको वा रितपुर्वक नभएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।